# व्यवसायिक बेमौसमी तरकारी खेती तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## नवलपुर, सर्लाही

२४-२६ चैत्र २०७८

C-13 Off-season Vegetable Farming Training, Nawalpur, Sarlahi 07-09 April 2022

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय नवलपुर, सर्लाहीले ३६ जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ चैत २४ गतेदेखि २६ गतेसम्म सर्लाही जिल्लाको नवलपुरमा **"व्यवसायिक बेमौसमी तरकारी खेती तालिम"** सम्पन्न गरेको छ। लालबन्दी नगरपालिका वडा नं. १ का वडाध्यक्ष पन्चलाल स्याङ्बोको प्रमुख आतिथ्यता तथा लक्ष्मी लघुबित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय गैरबजारका प्रमुख श्री राज कुमार वाइवा, ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड नवलपुर, सर्लाही का ब्यबस्थापक श्री रोहित भट्टराई तथा निर्धन उत्थान क्षेत्रीय कार्यालय बर्दिवासका प्रमुख श्री परमेश्वर चौधरीको आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो। उक्त तालिमलाई लालबन्दी नगरपालिकाका कृषि शाखाका श्री रेसा राई, श्री मिरा गोले र श्री सबिता स्याङ्तानले प्रशिक्षण दिएका थिए।

कार्यक्रममा प्रमुख अतिथि श्री पन्चलाल स्याङ्बोले संस्थाले लघुवित्त सेवाको साथसाथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकाश तालिम दिई व्यवसायी बनाई रोजगारी र आयआर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याएकोमा खुशि व्यक्त गर्नु भएको थियो। लक्ष्मी लघुबित्त शाखा कार्यालय गैरबजारका प्रमुख श्री राज कुमार वाइवाले लक्षित वर्गमा वित्तीय सेवा मात्र नभई महिला सशक्तीकरणमा लघुवित्त कार्यक्रम प्रभावकारी रहेको बताउनु भएको थियो। क्षेत्रीय प्रमुख श्री परमेश्वर चौधरीले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी सदस्यहरु लघुउद्यमीबाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो। उक्त तालिममा १ जना पशुपालक कृषकलाई प्रमुख अतिथिबाट पशु बीमा क्षतिपुर्ति हस्तान्तरण गरिएको थियो। साथै कार्यक्रममा सदस्यका छोराछोरी मध्ये १ जना लाई प्रमुख अतिथि बाट डा. हरिहरदेव पन्त स्मृत्ति छात्रवृत्ति हस्तान्तरण गरिएको थियो।

तालिममा तरकारी खेती व्यवसाय एक परिचय, नेपालमा तरकारी खेती को आवश्यकता, महत्व र वर्तमान स्थिति, तरकारीका बिभिन्न जातहरूको जानकारी, हिउँदे तरकारी खेती प्रविधि (काउली, बन्दा, ब्रोकाउली र गाँठ गोबी), करेसाबारीको परिचय र महत्व, टमाटर, भन्टा, खुर्सानी, भिन्डी खेती प्रविधि, तरकारी बालीमा लाग्ने रोग तथा कीराहरुको जानकारी तथा बिषादी ब्यवस्थापन, लहरे तरकारी खेती प्रविधि (लौका, काँक्रो, फर्सी, करेला, घिरौला), जरे तरकारी (मुला, गाजर, सलगम) र कोसे तरकारी (सिमि, बकुला, बोडी, केराउ) खेती प्रविधि, साग बाली खेती र बेमौसमी तरकारी खेती प्रविधि, माटो ब्यबस्थापन, तरकारी बालीमा उचित पोष्ट हार्भेष्ट, बेचबिखन (कसरी बढी मूल्य पार्ने) तथा बजार ब्यवस्थापन बारे प्रशिक्षकरूले सहजिकरण गरेका थिए।

तालिमको अन्त्यमा सहभागी श्री सम्झना भुजेलले मन्तब्य राखेकी थिइन्। व्यवसायिक रूपमा तरकारी खेती गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले तरकारी खेती सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए। तालिमको संयोजन नवलपुर शाखा कार्यालयका प्रमुख श्री शिवराज काफ्लेले गर्नु भएको थियो।